# १२ निसाना चुकाएको गिहजी

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति ३९:४-६, २ राजा ४, २ राजा ५, २ राजा ८:१-६, यर्मिया ९:२३,२४, यूहन्ना १३:१-१७, १ तिमोथी ६:१०।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरलाई तिमीहरूले पछ्याउनुपर्छ। उहाँमाथि श्रद्धा राख्नुपर्छ। उहाँका आज्ञाहरू पालन गर। उहाँको वचन सुनेर त्यसलाई आत्मसात् गर्नु। उहाँको सेवा गर्नु। उहाँमाथिको निष्ठामा अडिग भएर बस्नु।" (व्यवस्था १३:४)।

गिहजी एक सेवक थियो तर अरू जस्तो चानचुने सेवक होइन। इस्रायलका इतिहासमा भएका महान् अगमवक्ताहरूका एक महान् अगमवक्ता एलीशाको उनी सेवक थिए। एलीशालाई परमेश्वरले अगमवक्ता एलियाको सहयोगीको रूपमा खटाउनुभएको थियो। एलियासँग काम गर्नाले आफू पनि परमेश्वरको निम्ति अगमवक्ता हुने काममा तालिम पाएको थियो (१ राजा १९:१६)। धेरै वर्षसम्म एलीशाले एलियाको सेवा गरेका थिए। एलियाको चेला भएर अगमवक्ता भनेको के हो भनेर एलीशाले उनको मुखबाट सुनेका थिए र उनीसँग अध्ययन गरेका थिए। परमेश्वरको सामु यो अत्यन्त प्रतिष्ठाको जिम्मा थियो। अनि एक दिन अचानक आगोको भुमरीबाट एलियालाई उचालेर स्वर्ग लगियो (२ राजा २:११)। अव एलियाको जिम्मेवारी यलीशाको काँधमा आयो। एलीशाको सेवाकार्य एलियाको जस्तो नाटकिय त थिएन। तर आफ्ना सारा जीवन मानिसहरूको हितको निम्ति उसले अर्पण गरेको थियो।

उनको नोकर वा सेवक गिहजीलाई पनि महान् अगमवक्ता एलीशाको नजिक रहेर उनको सेवा गर्ने ठूलो अवसर मिलेको थियो।

यतिका धेरै वर्षसम्म अगमवक्तासँग काम गरेर के के कुरा सिके, के के देखे भन्ने कुरा कल्पना गर्न पनि गाऱ्हो छ।

गिहजीलाई पनि धेरै प्रतिज्ञाहरू दिइएको थियो र परमेश्वरको निम्ति सेवाकार्यको निम्ति तयार हुन धेरै महान् अवसरहरू पाएका थिए। तर उनी भयङ्कर असफल भए। गिहजीको कथा एकदम मर्माहत कथा हो। यसले यस्तो व्यक्तित्वको बारेमा पर्दाफास गर्छ जसले लक्ष्यमा पुग्ने अवसर भएतापनि त्यहाँ पुग्न असफल हुन्छ र के महत्व छ के छैन भन्ने कुरा छुट्याउन असमर्थ हुन्छ। जब हामी गिहजीको कथालाई अगाढि बढाउँछौ तब उसको भुलले हामीले यस जीवनमा के महत्व वा गरिमामय छ, के छैन भन्ने कुरा सिकौं।।

## १. सेवा गर्नु (उत्पत्ति २४:२-४)

देहायका पदहरूले सेवकको काम र कर्तव्य के हो भनेर छोटो वर्णन लेख्नुहोस्: उत्पत्ति २४:२-४, उत्पत्ति ३९:४-६, लूका १४:१७, लूका १७:७,८ र प्रेरित २:१८।

कसैको सेवक बन्नु भनेको आफ्ना चाहना, इच्छा र आरामलाई पन्छाएर सेवा गर्नु हो। आफ्नो जीवन भन्दा अरूको जीवनमा पूर्ण रूपमा आफूलाई सरिक गराएको हुन्छ। मालिकको योजना कार्यान्वन गर्न, सन्देश सुनाउन र कामहरू गर्न सेवकले सहायता गर्दछ। कसैको सेवक हुनु भनेको कहिलेकाहिँ मालिकको सन्देश बोकेर लानु, कसैसँग जानु, त्यसको निम्ति काम गरिदिनु र गर्नुपर्ने सानोतिनो काम गर्नु हो। अरू बेलामा घरधन्धा हेर्नु र पैसाको हिफाजत गर्नु सेवकको काम हुन्छ। तर आफ्नो हितको वास्ता नगरी मालिकको उच्चतम हितको निम्ति सेवकले परिश्रम गर्दछ।

गिहजी अगमवक्ता एलीशाकी सेवक थिए। अगमवक्ताको सेवक हुनु भनेको विशेष सम्मानजनक काम थियो। उसको काम साधारण काममा मात्र सहयोग गर्ने थिएन। उसको काम शिपमूलक काम थियो। एलीशा आफै पनि एलियाको सेवक भएर सेवा गरेका थिए (१

राजा १९:१९-२१)। अगमवक्ता हुन आफैले आफैलाई नियुक्त गर्ने होइन तर परमेश्वरले बोलाउनु पर्छ। अगमवक्ता परमेश्वरकै खतनमा हुन्छ। एलियासँग विशेष समयमा सेवा गरेर भविष्यका अगमवक्ता एलीशाले परमेश्वरमाथि विश्वास गर्न र भरोसा राख्ने गुणहरूको बिकास गरेका थिए। आफ्ना गुरु वा मालिक एलियाको सेवा गरेर एलीशाले आफूलाई पन्छाएर अरूको सेवा गर्न सिकेका थिए।

आफ्ना गुरू वा परमेश्वरको जनसँग तालिम लिन पाउनु नै सेवाको निम्ति सबभन्दा श्रेष्ठ तालिम थियो। एलीशा पछि गिहजीलाई अगमवक्ता बन्न बोलाइएको छ वा छैन भन्ने कुराको कुनै पनि लेखाजोखा छैन। तर त्यसको निम्ति उसले पाएको अवसरको बारेमा हामी पढ्नेछौं।

कसैको सेवक हुनु केवल पुरानो करारको मात्रै संस्कार थिएन। कुनै पनि चर्चको अगुवा हुन पहिला सेवक हुन राजी हुनुपर्छ भनेर येशूले भन्नुभएको थियो (मर्कूस ९:३५)।

यूहन्ना १३:१-१७ पढ्नुहोस्। सेवक हुनु र अगुवा हुनुको बिचमा के सम्वन्ध छ भनेर ती पदहरूले देखाउँदछन्?

येशूका चेलाहरू उहाँसँग तिन वर्ष बिताएका थिए। उहाँका शिक्षाहरूबाट धेरै कुराहरू सिकेका थिए। येशूले निको पार्ने सेवाकार्यमा तिनीहरू संलघ्न भएका थिए। तर तिनीहरू परमेश्वरका दुतहरू भएर जान तयार भएका थिएनन्। तिनीहरूको निम्ति येशूको संगती रमाइलो भएको थियो। तर तिनीहरू नम्र भएर आफूलाई पन्छाएर अरूको सेवा गर्न अझै तयार भएका थिएनन्।

नम्र भएर अरूको सेवा गर्न कसरी सिक्ने? इनाम पाउनको निम्ति सेवा गरेको होइन भन्ने मनस्थितिलाई हामीले कसरी हुर्काउने?

## २. प्रत्यक्ष जानकारी (२ राजा ४:८-१७)

असल शिक्षक वा गुरुले उदाहरणबाट अरूलाई सिकाउँछन। अनि शिक्षार्थीले सिकेका कुराहरूलाई कार्यान्वन गर्न धेरै अवसरहरू दिन्छन्। गिहजीको निम्ति एलीशा एक प्रकारका गुरू थिए।

२ राजा ४:८-१७ पढ्नुहोस्। यहाँ गिहजीको कामे के थियो भनेर वर्णन गरिएकोछ? एलीशाले गिहजीलाई के अवसर दिइरहेका थिए?

अघिल्लो कथामा एलियाले विधवीको निम्ति कस्तो अचम्म काम गरेका थिए भनेर हामीले पढेका थियौं। अब एलीशाको कथामा पनि बिधुवा आइमाईसँग सम्वन्धित अर्को आश्‍चर्य काम भएको हामी पाउँछौं। एलीशाले त्यस बिधुवाका सबै ऋणहरू तिर्न मद्दत गर्छन्र र उनका छोराहरू कमैया नहुन सहयोग गर्छन्।

एलीशा आफ्नो काममा ओहरदोहर गर्ने क्रममा शुनेम भएर जान्छन्। शुनेमका एक जना महिलाले एलीयालाई सत्कार गर्न थाल्छिन्। याद गर्नुहोस् बाइबलको समयमा नारीलाई दोश्रो दर्जाको रूपमा व्यवहार गरिन्थ्यो। त्यसकारण यस कथाका लेखकले विवाहित महिलालाई आफ्नो कथामा महत्व स्थान् दिनु अनौठो नै मान्नुपर्छ। शुनेमका महिलाको पतीको नाउँ दिइएको छैन। तर हामीलाई यो मात्र थाहा छ कि आफ्ना पतीलाई अगमवक्ताको निम्ति पाहुना कोठा बनाइदिन अनुरोध गर्छिन्। उनको पती बुढो थियो भनेर पनि हामीलाई थाहा छ र उनी खेतबारीको रेखदेख काममा सरिक हुन्थे। कथाको प्रथम् भागमा एलीशाले गिहजीलाई कुनै कामको निम्ति खटाउँछन्। आफू घर पुगेपछि एलीशाले गिहजीलाई शुनेममा पठाएर आफूलाई दिइको सत्कारको निम्ति त्यस महिलालाई धन्यबाद दिन अऱ्हाउँछन्। एलीशाले गिहजीसँग उसको विचार माग्छन् र उसको सल्लाहलाई मान्छन्। त्यस महिलाको आवश्यक्ताप्रति संवेदनशील भएको गिहजीले देखाउँछन्। एलीशाले गिहजीकै सामु त्यस स्त्रीले बच्चा पाउनेछन् भनेर

भविष्यवाणी गरेर आश्चर्यकामलाई हेर्न उसलाई अवसर दिइएको थियो। एक वर्ष भित्र अचम्म तरिकाले एक बालक छोराको जन्म हुन्छ।

२ राजा ४:१८-३१ पढ्नुहोस्। पहिलाको कथा भन्दा अहिले गिहजीको मनस्थिति कसरी बदलियो भनेर यसले बताउँछ?

अचम्म तरिकाले जन्मेको बालक अव जवान हुन्छ। गिहजी एलीशाको सेवा गर्दै रहेका थिए। तर अहिले गिहजी पहिलाको भन्दा कम संवेनदशील भएको हामी पाउँछौं। आफ्नो छोरा मरेको सुर्ताले ती महिला एलीशाकहाँ डगुरेर आउँछिन् र गिहजीलाई उछिनेर एलीशाको पाउमा पर्छिन्। गिहजीले उनलाई पन्छाउन खोज्छन्। शूनेमका महिला अशिष्ट भएको गिहजीलाई भान हुन्छ। एलीशाको खुट्टा समात्नु भनेको त्यस बेलाको चलनचल्तीको नियम तोड्नु थियो (पद २५-२७)। त्यो महिला अत्यन्त शोकमा थिइन् भन्ने कुरा गिहजी बुझ्न असफल भएको थियो। तर एलीशाले बुझेका थिए।

कयौंपटक हामी आफ्नै स्वार्थमा यसरी व्यस्त हुन्छौं कि अरूको आवश्यकता र भावनाप्रति संवेदनशील हुँदैनौं। यस्ता कुराहरू हामी सबैले भोगेका छौं। अरूको आवश्यकता र भावनप्रति हामी अझ वढी संवेदनशील कसरी हुन सिक्ने? अरू तपाईंप्रति असंवेनशील भएपनि तपाईंचाहिं कसरी संवेदनशील हुने?

## ३. विश्वास जगाउने प्रश्न (२ राजा ५:१-१९)

२ राजा ५:१-१९ पढ्नुहोस् र देहायका प्रश्नहरुका जवाफ दिनुहोस्ः

क. इस्रायलका राजाले यस्तो व्यवहार किन देखाए? के उनको काम उपयुक्त थियो कि थिएन? के हुन्छ भनेर उनी डराएका थिए?

ख. एलीशाको आज्ञाप्रति नाराज भएर उनले किन त्यस्तो प्रतिक्रिया देखाए? आफ्नो प्रतिक्रिया उचितै थियो भनेर उनले कसरी ठानेका होलान्? इस्रायलका राजाले सिरियाको राजाको पत्र पाएर जुन

प्रतिक्रिया देखाए त्यसैलाई सम्झेर नामान एलीशाको कुरा नमान्न किन तम्सिए?

ग. पद १२ पढ्नुहोस्। कप्तान नेमानले कस्तो खालको तर्क यहाँ गरिरहेको हामी पाउँछौं? कुन् त्रुटी उनले गरिरहेका थिए?

घ. जब अचम्म तरिकाले नेमानको रोग निको हुन्छ तव उनी एलीशाको सामु उभिएर आफ्न बारे के भन्छ? यसले उनको बारेमा के भन्छ?

ङ. एलीशाले नेमानबाट उपहार लिन किन अश्विकार गरे होलान्? एलीशाले उनको हातबाट न त पैसा न त उपहार नलिनुमा के महत्वपूर्ण सन्देश उनले दिइरहेकाछन्?

च. पद १७-१९ होशियारसाथ पढ्नुहोस्। यहाँ के भइरहेको छ? नेमानले जे मागीरहेको छ त्यसलाई हामीले कसरी बुझ्ने? अनि एलीशाले के जवाफ उनलाई दिए?

## ४. गिहजीको पतन (२ राजा ५:२०-२७)

बाइबलको कालमा धेरै आश्चर्यकाहरू देखेतापनि मानिसहरू किन अधोगती वा पतनको मार्गमा हिँडे होलान् भन्ने कुरा आधुनिक मानिसहरूलाई बुझ्न कठिन छ। कोढी नेमान आश्चर्य तरिकाले गिहजीकै सामुन्ने निको भएको थियो। परमेश्वरको शक्ति र उसको मालिकको क्रियाकलापको प्रत्यक्षदर्शी हुन उसले सौभाग्य पाएको थियो। नेमानबाट कुनै पनि उपहार लिन एलीशाले अश्विकार गरेको थियो। यो घट्नाले मर्माहत भएर गिहजी परमेश्वर र मानिसको अगाडि झुक्न प्रसस्त ठाउँ मिलेको थियो। तर, गिहजी कसरी झुकेन भनेर बाइबलले स्पष्ट गरि वयान गरेको छ।

२ राजा ५:२०-२७। गिहजीले आफ्ना क्रियाकलापबाट चोखो हुन कस्ता बहानाहरू बनाए भनेर ती पदहरूले देखाउँदछन्? गिहजीको बिचारमा अलिकति के पूर्वाग्रह देखाइएको छ?

पैसा र साँसारिक मोहको खतराबारे बाइबलमा जताततै सतर्क गराएको हामी पाउँछौं। यो चेतावनी केवल धनीवर्गहरूको निम्तिमात्र

होइन। हामीसँग भएको संसारिक धनको राशि आफै समस्याको बिषय होइन। तर त्यसप्रति हाम्रो धारणा अर्थात् मनस्थिति कस्तो छ त्यसले हामीलाई समस्याको पहाड बनाइदिन्छ। ध्यानपूर्वक हामीले लोभसँग लड्नु पर्दछ। बेला बेलामा हामीसँग रहेको वस्तुहरूको मूल्याङ्कन गर्नुपर्दछ र त्यसलाई परमेश्वरमा समर्पण गर्नुपर्दछ। हामीसँग भएका वस्तुहरूप्रति धारणालाई परमेश्वरको धारणासँग समावेशीकरण गर्नुपर्दछ। हाम्रा सांसारिक थोकहरू र समयलाई आफ्नै सर्वोच्च हितको लागिमात्र प्रयोग नगरि निश्वार्थ हुन सिक्नुपर्दछ। आकर्षित संसारका वस्तुहरूप्रतिको प्रेमले हामीलाई यस संसारमा रहनुको उद्देष्यमा ध्यान र विशेष सहि काम गर्नुबाट अन्धा बनाउँछन्। यदि हामी होशियार भएनौं भने हामी आफैले हाम्रो अनन्त नाशलाई निम्त्याउँछौं।

जीवित परमेश्वरको नाउँमा किरिया खाएर अन्तर्घातको पथ अंगाल्ने गिहजीको कदमलाई अनौठो त मान्ने पर्छ। जीवित परमेश्वरले उसलाई देख्नुहुन्न भन्ने कुरामा के ऊ यकिन थियो त? हाम्रो आफ्नै पापी हृदयले हामीलाई शक्तिशाली रूपमा कसरी धोका दिन सक्छ भनेर देखाउने ज्वलन्त उदाहरण गिहजीको कथा हो।

फेरि त्यसैवखत गिहजीलाई दिने उपहारमा नेमान अत्यन्त उदार भएको हामी पाउँछौं। उसको मनमा शङ्का नभएको त होइन। गिहजीको घरमा सामान पुर्‍याएर आउँदा उसको अनौठो व्यवहारमाको बारेमा नेमानको दुई जना सेवकहरूले उसलाई शुचित गराउँदा उसको मनमा के भयो होला? सत्य जीवित परमेश्वरप्रति नयाँ मानिसको मन फर्काउने एलीशाको चाहनालाई गिहजीको स्वार्थपना र लोभले कुठाराघात गरेको थियो।

अन्तमा त्यहि परमेश्वर जसले आश्चर्यकाम गर्नुभयो, उहाँले एलीशालाई गिहजीको भ्रष्ट आचरणको पर्दाफास गर्नुभएको थियो। यसले गर्दा गिहजीको काममात्र छुटेन, उसको जीवन नै सर्वनाश भयो।

पैसाप्रतिको लोभ र मोहको कब्जामा हुँदा हाम्रो मति कत्तिको नराम्रोसँग विग्रन्छ भन्ने कुरा पूरै नबुझ्न सकौंला (१ तिमोथी ६:१९)।

पैसाको मोहमा परेर जीवन खस्केको कसैको उदाहरण तपाईंलाई थाहा छ? यस्तो खतरापूर्ण प्रलोभनमा नफस्न हामी कसरी सुरक्षित हुनसक्छौं?

## ५. बचेखुचेकाबाट जीउनु (२ राजा ८:१-६)

गिहजीको बारेमा अन्तिम समाचार २ राजा ८:१-६मा पाउँछौं। एलीशाको भूतपूर्व सेवकले यहाँ के गरिरहेको हामी पाउँछौं?

महान् अचम्म तरिकाले शुनामाइतको छोराको पुनरुत्थान भएको धेरै वर्ष बितीसकेको थियो। गिहजीको छालाको रोग त्यक्ति धेरै खराब थिएन होला। गिहजी राजाको दरबारमा भएको कुराले उनको रोगमा केहि सुधार भइसक्यो होला भन्न सक्छौं। एलीशाको भूतपूर्व सेवक गिहजीले राजालाई एलीशाले के के गऱ्यो भनेर बताइरहेको हामी पाउँछौं। एलीशा र उनको आश्चर्य कामको बारेमा बढो फूर्तिसाथ गरेजीले बयान दिइरहेका थिए। यसबाट हामीलाई यो थाहा हुन्छ कि आफू एलीशासँग सम्वन्ध भएको गौरब मानेका थिए।

राजासँग गिहजीले एलीशाको बारेमा कुरा गरिहेको थियो भन्ने कुरा हामीले कहिलै थाहा पाउने थिएनौं होला यदि त्यसेबेला जै भयो त्यो भएन भने। जब शूनामाइतको छोरालाई एलीशाले कसरी बौरी उठाए भनेर गिहजीले कुरा गर्दै थिए त्यसबेला राजाकै अगाडि त्यस शुनामाइत महिला देखा परिन् भनेर कथाकारले हामीलाई बताउँछन्। शुनेमकी स्त्रीलाई मदत गर्न परमेश्वरले गिहजीद्वारा एलीशाको तारिफलाई प्रयोग गर्नुभएको थियो। यस बखत शायद त्यस स्त्री बिधुवा भइसकेकी हुन्छे। उनको श्रीमान त्यस कथामा देखा नपरेकोले नै उनी बिधुवा भएको अनुमान गर्दछौं। जुन कामको निम्ति राजाको अगाडि त्यस आइमाई देखा परिन् त्यो अनौठो थियो किनकि उनको श्रीमान आउनुपर्नेमा ऊ आएको थियो। उनको छोरो ठूलो भएर घर नसम्हालुञ्जेल उनी घरका हर्ताकर्ता हुनसक्छिन्। खडेरीले गर्दा उनी आफ्नो देशबाट सात वर्षसम्म विस्थापित हुनुपरेको थियो। विदेशमा

शरणार्थीको रूपमा बस्नु परेको थियो। जीवनलाई सम्हाल्न हामीले ठिक मानिसहरूसँग सम्वन्ध राखीरहुनपर्छ र ठिक मानिसलाई चिन्नु आवश्यकता छ भन्ने हाम्रो धारणा छ। तर परमेश्वरको दृष्टिकोण अर्कै छ।

यथार्थमा हामीले कोसँग स्पष्ट सम्वन्ध राख्नुपर्दछ? हाम्रो जीवनलाई अर्थमूलक बनाउन कसलाई चिन्नु आवश्यक छ? हेर्नुहोस् हाम्रो जीवनको सहारा को हुनुपर्दछः यर्मीया ९:२३,२४

राजासँगको बार्तालाव पछि गिहजी बाइबलको कथामा हराउँछ। दुःख लाग्दो कुरो त यो छ, गिहजी राजाको दरवारमा हराउनुको सट्टा परमेश्वरको काममा ऊ सरीक हुनसक्थे। आफ्नो पापको प्रायश्चित गरि एलीशासँग माफी मागेर फेरि उनको सेवामा तल्लिन भएर उनीसँग कति कुरो सिक्न सक्थ्यो। उनी अर्को उल्लेखनिय अगमवक्ता हुनसक्थ्यो वा अगूवा र अगमवाणी बोल्नेहरूको निम्ति खोलिएका स्कुलहरूका गुरू हुनसक्थ्यो। तर केवल ऊ अतितका असल कुराहरूलाई मात्र सम्झेर बस्ने मानिस हुनपुग्यो। गिहजीले इतिहास निर्माण गर्न सक्थ्यो। तर अहिले केवल अतितमा रहने मानिसमात्र हुनसक्यो।

निःसन्देह, हामीले अतितमा परमेश्वरले के गर्नुभयो भनेर सम्झनु नितान्त आवश्यक छ। तर फेरी, केवल अतितका कुरामात्र सम्झेर वर्तमान समयमा उचित जीवन यापन नगर्नुबाट पनि हामी चनाखो हुनुपर्छ। अतित र वर्तमानको बिचमा हामीले कसरी संतुलन ल्याउने? केवल बितेका असल दिनहरूलाई मात्र सम्झिन्दा वर्तमान समयमा परमेश्वरसँग नहिँड्न बहाना बनाउने प्रभावबाट हामी कसरी उम्कने?

## उपसंहारः

“गिहजीको अनुभवबाट धेरै गम्भिर पाठहरू हामीले सिक्नसक्छौं। उसलाई उच्च र पवित्र कामको जिम्मेवारी सुम्पिएको थियो। तर गिहजीका कामले गर्दा नेमानको निम्ति तगारो वन्यो। गिहजीको दिमागमा परमेश्वरको अचम्मको ज्योति चम्केको थियो। अनि उनी जीवित परमेश्वरको सेवाकार्यको निम्ति उतातिर ढल्किरहेका थिए। गिहजीको आफ्नै छलबाट आफू उम्किने कुनै वहाना छैन। नमरुञ्जेल उनी कोढी भएर बस्नुपर्‍यो। परमेश्वरले उसलाई सराप्नुभएको थियो र आफ्ना साथिभाईहरूबाट टाडा हुनुपरेको थियो।

“ जो मानिस बेइमान भएर परमेश्वरको लागि नराम्रो गवाहि वन्छ, त्यसलाई सजायँ दिइने छ। र जसले झुठको खेती गर्छ त्यसलाई त्यसै छोडिनेछैन।’ हितोपदेश १९:५ रूपान्तरित। मानिसहरूका आँखाबाट मानिसले आफ्नो कुकृत्य त लुकाउन सक्ला। तर तिनीहरूले परमेश्वरसँग खेलबाड गर्न सक्दैनन्। उहाँलाई कसैले पनि छलाउन सक्दैनन्। ‘परमेश्वरले सृष्टि गर्नुभएको कुनै पनि वस्तुवाट उहाँ छिप्नु भएको छैन। उहाँका आँखाहरूले सबैलाई देख्नुहुन्छ। हामीले जे गरेपनि त्यसको जिम्मेवारीको लेखाजोखा हामीले उहाँलाई दिनुपर्छ’ हिब्रू ४:१३ रूपमान्तरित। एलिशालाई ठग्न सकिन्छ भनेर गिहजीले ठानेका थिए। तर गिहजीले नेमानसँग गरेको प्रत्येक वार्तालाभ र कारोबार परमेश्वरले अगमवक्तालाई छर्लङ्ग देखाउनुभएको थियो। ती दुई जनाहरूको बिचमा जे भयो त्यसको प्रत्येक प्रत्यक्ष दृष्य उसको नजरमा ल्याइएको थियो।"-एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किंगस्* पृ. २५२बाट रूपान्तरित।

## चिन्तनमननः

१. हाम्रो जीवनमा परमेश्वरभन्दा पैसाले प्रमूखता पाउँदा के भइरहेको छ भन्ने कुन कुराहरूले हामीलाई

चेतावनी गरिरहेकाछन्। लगनशीलतासाथ फलिफाप होस् भनेर नै परमेश्वरले छ दिन कामगर्नु भनेर निर्देशन दिनुभएको छ। तर त्यसबाट आर्जन गरेको धनसम्पत्तिले हामी माथि रजाइँ नगरोस तर त्यसमाथि हामी रजाइँ गर्न सकौं भनेर हामीले कसरी सिक्नसक्छौं? परमेश्वरको नाउँमा दिइने दशाँस र भेटिले हाम्रो जीवनमा पैसाले राज गरेको छैन भनेर कसरी देखाउँछन्?

२. पाँचो बुँदाको प्रश्नको बारेमा फेरि चर्चापरिचर्चा गर्नुहोस्। हाम्रो जीवनमा साँच्चीकै महत्वपूर्ण चिजहरू के के छन्? तर ती महत्वपूर्ण कुराहरूको बिचमा नभइनहुने कुराहरूलाई हामीले कसरी ओझेलोमा पार्नसक्छौं?

३. दुष्ट योजनाबाट आफू उम्कन सक्छु भन्ने तर्क गिहजीलाई कहाँबाट आयो होला? परमेश्वरको उपस्थिति त्यहाँ छ भन्ने कुरा उसलाई यकिन थियो। आफ्नै आँखाले अचम्मका कामहरू भइरहेका उसले देखेको थियो। तर आफ्नो मालिकलाई धोका दिन खोज्यो। हुनसक्छ पहिलापनि त्यस्तै छलकपट गरेर धन थुपारेर उम्क्यो होला। उसको आफ्नै विवेकमा विभिन्न वहानहरू बनाएर आफ्ना नराम्रा कामहरूलाई अनुमोदन गरिरहेको होला। यो कुरा हामीलाई स्पष्ट त छैन। तर आफैले आफैलाई धोका दिन सजिलो छ र आफ्नो विवेकको आवाजलाई थुन्न सक्छौं भन्ने कुरा हामीलाई थाहा छ। हामी आफैले आफैलाई धोका

नदिनबाट सतर्क हुन के के उपायहरू हामी सिक्नसक्छौं?

४. २ राजा ५:१७-१९ फेरि पढ्नुहोस्। रिमनको घरमा बसेका एलीशालाई शिर निहुरेर नेमानले जुन अनुरोध गरे त्यसबाट हामी के सिक्नसक्छौं भनेर ती पदहरूले हामीलाई सिकाउँदछ?

५. अरूको सेवा कसरी गर्ने भन्ने केहि उपायहरू तपाईंलाई थाहा छ?